# शान्ति प्रक्रियामा दैनिक पत्रिकाको भूमिका

**अनिल क्षेत्री**

अहिले नेपाल परिवर्तनको चरणमा छ ।[1] नेकपा (माओवादी) ले सुरु गरेको एक दशक लामो सशस्त्र युद्ध अन्त्य भई राज्यको पुनर्संरचनाबाट नेपालमा स्थायी शान्ति स्थापना गर्न प्रयास भइरहेको छ । यो लेखमा शान्ति प्रक्रिया भन्नाले नेपाललाई खास गरी विगत एक दशकको सशस्त्र द्वन्द्वको अवस्थाबाट शान्तिपूर्ण अवस्थामा ल्याउन भएका प्रयासलाई इङ्गित गर्न खोजिएको हो । २०५२ माघ २१ मा शेरबहादुर देउवाको सरकारसमक्ष तत्कालीन संयुक्त जनमोर्चा नेपालले १५ दिने अल्टिमेटम दिएर ४० सूत्रीय माग राखेको थियो । तर, दिइएको समयभन्दा चार दिन पहिले फागुन १ देखि 'प्रतिक्रियावादी राज्यसत्तालाई ध्वंश गर्दै नयाँ जनवादी राज्यसत्ताको स्थापना गर्न जनयुद्धको बाटोमा अघि बढौँ' भन्ने मूल नाराका साथ सुरु भएको सशस्त्र द्वन्द्व २०६३ मङ्सिर ५ मा सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौता भएपछि औपचारिक रूपमा अन्त्य भएको छ ।

पुरानो राज्य संरचना अन्त्य भइसकेको र परिवर्तनअनुसार नयाँ सत्ता स्थापना नभइसकेको सङ्क्रमणकालीन अवस्थाबाट मुलुक गुज्रँदै छ । यति बेला पुराना मूल्य

[1] यो लेख त्रिभुवन विश्वविद्यालय पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहमा गरिएको शोधपत्र (क्षेत्री २०६४) मा आधारित छ । यो शोध गर्नका लागि मार्टिन चौतारीले 'चौतारी मिडिया फेलोसीप २००७' प्रदान गरेको थियो ।

*मिडिया अध्ययन* ३: १३१-१५६ २०६५

स्खलित हुँदै गएको र नयाँ मूल्य स्थापित भइनसकेको अवस्था छ ।[२] सिङ्गो देशको लक्ष्य नै संविधानसभामार्फत नयाँ संविधानको निर्माण गरी मुलुकमा दिगो शान्ति स्थापना गर्नु छ। यसैले शान्ति प्रक्रियाको अवस्थामा आम सञ्चारमाध्यमले युद्धकालीन अवस्थामा भन्दा भिन्न भूमिका खेल्नुपर्छ भनिन्छ। २०६२ मङ्सिर ७ गते भारतमा सात दल र नेकपा (माओवादी) बीच भएको १२ बुँदे समझदारी, २०६३ जेठ १२ गते काठमाडौँ, गोकर्णको एक रिसोर्टमा भएको २५ बुँदे युद्धविराम आचारसंहिता, प्रधानमन्त्री निवास, बालुवाटारमा असार २ गते भएको आठ बुँदे समझदारी, कात्तिक २२ गते प्रधानमन्त्री निवास, बालुवाटारमा भएको सहमति, मङ्सिर ५ गते वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ वानेश्वरमा भएको ऐतिहासिक विस्तृत शान्ति सम्झौता हुँदै मुलुक शान्ति प्रक्रियाको बाटोमा अघि बढिरहेको छ। यसै प्रक्रियाको पछिल्लो पाइलो भर्खरै सम्पन्न संविधानसभाको निर्वाचन हो।

शान्ति प्रक्रियाको थालनी युद्ध सँगसँगै हुने विश्वास गरिन्छ। असमझदारी र द्वन्द्व विभिन्न सन्धि-सम्झौतामा टुङ्गिने गरेको इतिहास पुरानै हो। नेपालकै सन्दर्भमा, नेपाल र तिब्बतबीच बढेको द्वन्द्व न्यूनीकरण गर्न वि.सं. १८४६ मा केरुङ सन्धि भएको थियो। यस्तै बहादुर शाहको नायबीकालमा तिब्बतसित नै वेत्रावती सन्धि भएको थियो। यो सन्धिमा "चीन अबदेखि नेपाल र तिब्बत दुवैको पिताजस्तै मानिनुपर्छ र यी दुवैले एक-अर्कालाई दाजुभाइजस्तै मान्नुपर्छ, नेपाललाई कुनै विदेशी शक्तिले कहिल्यै आक्रमण गरेछ भने नेपाललाई सहयोग गर्न चीन चुक्ने छैन" भन्ने कुरा उल्लेख थियो। तत्कालीन राजा गीर्वाणयुद्ध विक्रम शाहको राज्यकाल र भीमसेन थापाको प्रधानमन्त्रीत्व कालमा युद्ध बढ्दै गएपछि इष्ट इन्डिया कम्पनीसित वि.सं. १८७२ मा सुगौली सन्धि भएको थियो। यस्तै वि.सं. १८५६ मा नेपाल र तिब्बतबीच शान्ति सन्धि, वि.सं. १९८० मा नेपाल र बेलायतबीच मैत्री सन्धि, वि.सं. १९५० मा नेपाल र भारतबीचको मैत्री सन्धि, वि.सं. २०११ मा नेपाल र भारतबीच कोशी सम्झौता, वि.सं. २०१३ मा तिब्बतसम्बन्धी नेपाल र चीन सम्झौतालगायत सन्धि सम्झौताहरू भएका छन् (राना २०६१)।

## शान्ति पत्रकारिता

प्रोफेसर जोन गाल्टुङले सन् १९७० मा सैद्धान्तिक रूपमा नामाकरण गरेको विधा हो 'शान्ति पत्रकारिता'। यसलाई द्वन्द्व संवेदनशील पत्रकारिता, रचनात्मक पत्रकारिता,

---

[२] नेकपा माओवादीका अध्यक्ष प्रचण्डद्वारा २०६४ जेठ १२ गते नेपाल वन टेलिभिजनसँगको अन्तर्वार्तामा व्यक्त विचार।

विश्लेषणात्मक पत्रकारिता, परिवर्तन पत्रकारिता, समाधानमुखी पत्रकारिता तथा पूर्ण पत्रकारिताजस्ता विविध नाम पनि दिइएका छन् (गुरुङ सन् २००४)। शान्ति पत्रकारिताले घटनाका कारण र प्रभावलाई विश्लेषण गर्दा थप नकारात्मक प्रभाव नपरोस् भन्ने कुरामा विशेष ध्यान दिन्छ। यसले पत्रकारको भूमिकालाई सूचना आदान-प्रदान गराउने काममा मात्र सीमित नराखेर सङ्कटको बेलामा समाधान खोज्ने सामाजिक मध्यस्थकर्ताको भूमिकामा समेत अग्रसर गराउँछ। पत्रकारहरूमा द्वन्द्व विश्लेषण गर्ने क्षमता अभिवृद्धि गर्ने विषयमा समाजलाई सक्रिय पार्ने कला सिकाउनु नै शान्ति पत्रकारिताको मुख्य उद्देश्य हो। युद्ध पत्रकारिता खेल पत्रकारिता जस्तै हुन्छ भने शान्ति पत्रकारिता स्वास्थ्य पत्रकारिता जस्तै। खेल पत्रकारितामा जीत मात्र लक्ष्य हुन्छ। गाल्टुङको भनाइमा शान्ति पत्रकारिता स्वास्थ्य पत्रकारिता जस्तै हुनुपर्छ (मक्गोल्डरिक र लिन्च सन् २००० मा उद्धृत)। स्वास्थ्य पत्रकारिताले कुनै बिरामीको शरीर क्यान्सरको कारण कसरी दिनदिनै क्षय हुँदै जान्छ र उसले बाँच्नका लागि के-के उपाय अपनाउन सक्छ, योग्य चिकित्सक र औषधि कहाँ पाइन्छ, उपचार खर्च कसरी जुटाउन सकिन्छ वा उपचारमा कति खर्च लाग्छ ? जस्ता सूचना दिएर बिरामीलाई सहयोग पुऱ्याउँछ, ठीक त्यस्तै काम शान्ति पत्रकारिताले गर्छ। त्यसैले शान्ति पत्रकारितालाई समाधानमुखी पत्रकारिता भनिन्छ। युद्ध पत्रकारिताले शासक वर्ग वा सत्ता पक्षको वकालत गर्छ र यसको ध्येय विजयउन्मुख मात्र हुन्छ। यसैले शान्ति प्रक्रियामा आमसञ्चारमाध्यम बढी संवेदनशील हुनुपर्ने मानिन्छ।

शान्ति पत्रकारिताले द्वन्द्व विश्लेषण र रूपान्तरका क्रममा समाचार सङ्कलन गर्दा तथ्य, विश्वसनीय र सन्तुलन भए/नभएको अध्ययन गर्छ। यसले पत्रकारको समाचार स्रोत, विषयवस्तु, त्यसको प्रभाव र पत्रकार आचारसंहितासम्बन्धी रोडम्याप तय गर्छ। साथै शान्ति पत्रकारिताले समाचार सङ्कलनको क्रममा अहिंसा, र सिर्जनशीलतालाई प्रसस्त प्रयोग गर्ने बाटो खुलाइदिन्छ। गाल्टुङका अनुसार "शान्ति पत्रकारिताले हेराइ र सुनाइलाई वास्तविकताको अधीनमा ल्याउन सक्छ" (मक्गोल्डरिक र लिन्च सन् २००० मा उद्धृत)। यसैले नेपालको शान्ति प्रक्रियामा पनि मिडियाको भूमिका शान्ति पत्रकारिता अनुकूल हुनुपर्ने देखिन्छ। शान्ति प्रक्रियालाई सघाउने किसिमले मिडिया प्रस्तुत भए कि भएनन् भन्ने अध्ययन यो लेखमा समेट्ने कोसिस गरिएको छ।

## अध्ययन विधि

यो लेख विषयवस्तु विश्लेषण, सर्वेक्षण र अन्तर्वार्तामार्फत गरिएको अनुसन्धानमा आधारित छ। २०६२ मङ्सिर ७ गते विद्रोही नेकपा (माओवादी) र संसदवादी

सात दल[३] बीच सम्पन्न १२ बुँदे समझदारी नै शान्ति प्रक्रियाको जग हो । यो समझदारीपछि भएको १९ दिने जनआन्दोलनले मुलुकलाई निकास दियो र स्थायी शान्तितिर डोऱ्याएको थियो । २०६३ वैशाख १२ गते माओवादीले युद्धविराम गरेपछि हिंसात्मक गतिविधि कम भए । खास गरी मङ्सिर ५ गते शान्ति सम्झौता भएपछि शान्ति प्रक्रियाले गति लियो । माओवादी लडाकु क्यान्टोन्मेन्ट (हतियारसहितको अस्थायी शिविर) मा बस्न थाले । यो अध्ययन विस्तृत शान्ति सम्झौता भएको यसै दिन (२०६३ मङ्सिर ५) देखि मधेस आन्दोलनबारे प्रधानमन्त्रीद्वारा दोस्रो सम्बोधन भएपछि मधेस आन्दोलन स्थगित भएको दिन (२०६३ माघ २६) सम्मको अवधिमा नेपाली छापा माध्यमले खेलेको भूमिकामा केन्द्रित छ । यस अध्ययनमा राजधानीबाट प्रकाशन गरिने ठूला आकारका रङ्गीन नेपाली भाषाका दैनिक अखबारहरू *गोरखापत्र, नेपाल समाचारपत्र, कान्तिपुर, राजधानी* र *अन्नपूर्ण पोष्ट*लाई समेटिएको छ । शान्ति प्रक्रियासम्बन्धी समाचारको प्रस्तुतिबारे थाहा पाउनका लागि उल्लिखित अखबारका मुखपृष्ठ अध्ययन गरिएको थियो भने पत्रिकाकै धारणा र अडान बुझ्न तिनमा प्रकाशित सम्पादकीयको अध्ययन गरिएको थियो ।

आर्थिक, सामाजिक र राजनीतिक विषयसँग जोडिएर आउने कुनै पनि समाचार शान्ति प्रक्रियासँग सरोकार राख्ने समाचार हुन् तथापि तिनलाई केही मापदण्डभित्र नराख्ने हो भने अध्ययनको दायरा ठूलो र अव्यवस्थित हुनुका साथै अध्ययन अपूरो हुन जान्छ । तसर्थ सेना र हतियार व्यवस्थापन, संविधानसभा चुनाव, नेपालको शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय चासो, मधेस आन्दोलन र आठ दलको शीर्ष बैठकलाई शान्ति प्रक्रियासँग सम्बन्धित मुद्दा मानी यिनै विषयका समाचारमा मात्रै यो अध्ययनलाई केन्द्रित बनाइएको छ । समाचारको क्षेत्र छुट्ट्याइसकेपछि अध्ययनको लागि तोकिएको अवधि मङ्सिर ६ देखि माघ २६ सम्मको ८० दिनमा प्रकाशित समाचार सङ्कलन गरियो । त्यसपछि यी समाचारलाई समीक्षा र विश्लेषण गरियो । सम्पादकीयको भने गणना नगरी विश्लेषण मात्रै गरिएको छ ।

नेपालका राजनीतिज्ञहरूले शान्ति प्रक्रियामा सञ्चारमाध्यमको भूमिकालाई कसरी लिए त ? यस प्रश्नको उत्तर खोज्न एक सय जना अन्तरिम व्यवस्थापिका संसद सदस्यहरूबीच प्रश्नावली विधिद्वारा सर्वेक्षण गरियो । व्यवस्थापिका संसदमा

---

[३] नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), सद्भावना (आनन्दीदेवी), नेपाल मजदुर किसान पार्टी, जनमोर्चा नेपाल र संयुक्त वाममोर्चा ।

भएका १२ दल (नेपाली काङ्ग्रेस[४] ८५, नेकपा (एमाले) ८३, नेकपा (माओवादी) ८३, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) ४८, सद्भावना (आनन्दीदेवी) ६, नेपाल मजदूर किसान पार्टी ४, जनमोर्चा नेपाल ४ र संयुक्त वाममोर्चा ३ सदस्य गरी गठबन्धन दलहरू र राष्ट्रिय जनमोर्चा ३, नेकपा (एकीकृत) २, राष्ट्रिय प्रजातन्त्र पार्टी ७ र राष्ट्रिय जनशक्ति पार्टी २ गरी ३३० सदस्य - तत्कालीन) मध्ये जनशक्ति पार्टी बाहेकका ११ दलका व्यवस्थापिका संसद सदस्यहरूलाई प्रश्नावली भराइयो ।

अखबारको सम्पादकीय र समाचार-प्रवाहमा सम्पादकको नै भूमिका बढी हुने हुनाले सम्पादकका विचार जान्न खोजिएको थियो । यसक्रममा ११ जनासित प्रत्यक्ष अन्तर्वार्ता गरी शान्ति प्रक्रियामा छापा माध्यमले खेलेको भूमिकासम्बन्धी धारणा सङ्कलन गरियो ।[५]

## विषयवस्तु विश्लेषणको नतिजा

### *कति आए समाचार ?*

अध्ययनमा समेटिएका पाँच दैनिकहरूमा यो अवधि (२०६३ मङ्सिर ६ गतेदेखि माघ २६ गतेसम्म) मा कूल ४ सय ५६ ओटा अध्ययनसँग सम्बन्धित समाचार छापिए । तीमध्ये सबैभन्दा धेरै मात्रामा समेटिएको विषय थियो मधेस आन्दोलन । यस अवधिमा मधेस आन्दोलनसँग सम्बन्धित २ सय ११ ओटा समाचार छापिए । तर, यस विषयमा सबै सञ्चारमाध्यमको स्वर एउटै भने थिएन । मधेस आन्दोलनका समाचारले सबैभन्दा बढी स्थान पाउनुको कारण शान्ति प्रक्रिया अघि बढिरहेका बेला त्यसलाई धक्का दिने गरी सुरु भएको यस आन्दोलनको हिंसात्मक रूप थियो ।

छानिएका पाँच अखबारमध्ये यस विषयमा सबैभन्दा धेरै समाचार *गोरखापत्र*मा छापिए । प्रकाशित ४ सय ५६ समाचारमध्ये *गोरखापत्र*मा मात्र १ सय ४२ ओटा समाचार छापिए । मधेस आन्दोलनबारे पनि सबैभन्दा धेरै समाचार (८० ओटा)

---

[४] २०६४ असोज ८ गते दुई काङ्ग्रेसबीच एकीकरण भयो, यो सर्वेक्षण साउन महिनामा गरिएको हो । त्यसैले नेपाली काङ्ग्रेस र नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) लाई छुट्टाछुट्टै दलका रूपमा यो अध्ययनमा प्रस्तुत गरिएको छ ।

[५] अन्तर्वार्ता गरिएका सम्पादकहरू राजेन्द्र दाहाल (पूर्वसम्पादक, *हिमाल खबरपत्रिका)*, विजय चालिसे (सम्पादक, *गोरखापत्र* दैनिक), रमेश तिवारी (निमित्त प्रबन्ध सम्पादक, *गोरखापत्र* दैनिक), शिव गाउँले (तत्कालीन सम्पादक, *हिमाल खबरपत्रिका)*, युवराज घिमिरे (सम्पादक, *समय* साप्ताहिक), सुधीर शर्मा (सम्पादक, *नेपाल* साप्ताहिक), हरि थापा (समाचार संयोजक, *कान्तिपुर* दैनिक), कृष्णज्वाला देवकोटा (सम्पादक, *नयाँ पत्रिका* दैनिक), पुष्करलाल श्रेष्ठ (सम्पादक, *नेपाल समाचारपत्र* दैनिक), मोहन दाहाल (सम्पादक, *राजधानी* दैनिक) र श्री आचार्य (सम्पादक, *अन्नपूर्ण पोष्ट* दैनिक) हुन् ।

*गोरखापत्र*मै छापिए । ८० दिनको अवधिमा अध्ययनमा समेटिएका अखबारमा प्रकाशित समाचारको स्थिति तालिका १ मा देखाइएको छ ।

**तालिका १: शान्ति प्रक्रियाबारे विभिन्न अखबारमा प्रकाशित समाचार सङ्ख्या**

| अखबार | सेना र हतियार व्यवस्थापन | संविधान सभा चुनाव | अन्तर्राष्ट्रिय चासो | मधेस अन्दोलन | शीर्ष बैठक | जम्मा |
|---|---|---|---|---|---|---|
| गोरखापत्र | २४ | १५ | १७ | ८० | ६ | १४२ |
| नेपाल समाचारपत्र | ३२ | ७ | २३ | ३१ | ३ | ९६ |
| राजधानी | ३३ | ३ | १३ | ३६ | ५ | ९० |
| कान्तिपुर | १२ | ६ | ९ | ३६ | ४ | ६७ |
| अन्नपूर्ण पोष्ट | १८ | ४ | ८ | २८ | ३ | ६१ |
| **कुल समाचार** | | | | | | **४५६** |

अध्ययनको क्रममा छुट्ट्याइएका पाँच ओटा विषयवस्तु– सेना र हतियार व्यवस्थापन, संविधानसभा चुनाव, अन्तर्राष्ट्रिय चासो, मधेस आन्दोलन र आठ दलको शीर्ष बैठकसम्बन्धी छापिएका समाचारमध्ये *गोरखापत्र*मा ३१ (१४२ ओटा), *नेपाल समाचारपत्र*मा २१ (९६ ओटा), *राजधानी*मा २० (९० ओटा), *कान्तिपुर*मा १५ (६७ ओटा) र *अन्नपूर्ण पोष्ट*मा १३ (६१ ओटा) प्रतिशत प्रकाशित भए ।

सेना र हतियार व्यवस्थापनसम्बन्धी छापिएका समाचारमध्ये जनसेनाको भरणपोषण, शिविर व्यवस्थापन, जनसेनाले शिविर छोडेर निस्केको समाचार, जनसेना र हतियारको दर्ता, प्रमाणीकरण, र सेना र हतियार व्यवस्थापनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय गतिविधि गरी समाचारको वर्गीकरण गरिएको थियो र सबैभन्दा धेरै समाचार जनसेना र हतियारको दर्ता र प्रमाणीकरणमा पाइए । यस अध्ययन अवधिमै जनसेना शिविरमा पसेको हुनाले माओवादी जनसेना र हतियारको पहिलो चरणको दर्ता र प्रमाणीकरणका समाचार बढी आएका हुन् । यस्तै शिविर व्यवस्थापन तथा राष्ट्रसङ्घीय गतिविधि र जनसेनाले शिविर छोडेका समाचार पनि पत्रिकाको प्राथमिकतामा परेका छन् ।

संविधानसभाको चुनावसम्बन्धी समाचार पत्रिकाको लागि अर्को प्राथमिकताको विषय बनेको थियो । नयाँ राजनीतिक परिवेश स्वाभाविक रूपमा नै संविधानसभामा केन्द्रित रह्यो । त्यसैले चुनावको विषय सञ्चारमाध्यमको लागि 'हट केक' हुनु स्वाभाविक थियो । निजी क्षेत्रका सञ्चारमाध्यमले संविधानसभाको चुनावका विषयलाई उल्लेख्य स्थान त दिए तर सरकारी पत्रिकाको तुलनामा भने ती सामग्री कम देखिए । संविधानसभा चुनावसम्बन्धी समाचार *गोरखापत्र*मा ४३, *नेपाल समाचारपत्र*मा २०, *राजधानी*मा ९, *कान्तिपुर*मा १७ र *अन्नपूर्ण पोष्ट*मा ११

प्रतिशत प्रकाशित भएको पाइयो । चुनावसम्बन्धी समाचारलाई निर्वाचन आयोगसित सम्बन्धित समाचार, संविधानसभा चुनावसम्बन्धी संसदीय गतिविधि र आठ दलका शीर्ष नेताका अभिव्यक्ति गरी तीन खण्डमा विभाजन गरी अध्ययन गरिएको थियो । त्यसमा पत्रिकाहरूले शीर्ष नेताका अभिव्यक्तिका समाचार बढी छापेको पाइयो ।

विश्वव्यापीकरणको प्रभावका कारण कुनै पनि मुलुकको राजनीतिक भविष्यसँग अन्तर्राष्ट्रिय चियो र चासो पनि जोडिने गर्छ । नेपालको शान्ति प्रक्रियामा पनि अन्तर्राष्ट्रिय चासो प्रत्यक्ष रूपमा सुरु भएको थियो । संयुक्त राष्ट्रसङ्घीय मिसन अनमिनको नेपालमा कार्यालय स्थापना २०६३ माघमा भयो र यसलाई हतियार व्यवस्थापनमा सघाउने अधिकार दिइएपछि अन्तर्राष्ट्रिय चासो झन् बढ्न पुग्यो । त्यसमाथि नेपालको राजनीतिक परिवर्तन आफैँमा संसारको लागि महत्त्वपूर्ण थियो । नेपालको शान्ति प्रक्रियामा अन्तर्राष्ट्रिय जगतले देखाएको चासो वा अन्तर्राष्ट्रिय गतिविधिसम्बन्धी समाचार *गोरखापत्र*ले २४, *नेपाल समाचारपत्र*ले ३३, *राजधानी*ले १९, *कान्तिपुर*ले १३ र *अन्नपूर्ण पोष्ट*ले ११ प्रतिशत प्रकाशित गरेको पाइयो । अन्तर्राष्ट्रिय चासोका समाचार धेरैजसो संयुक्त राष्ट्रसङ्घ र अमेरिकाबारे छन् । यसबारे विस्तृत चर्चा मैले अन्यत्र (क्षेत्री २०६४) गरेको छु ।

मधेस आन्दोलनले शान्ति प्रक्रियामा फरक धार भित्र्यायो । ठूला आकारका रङ्गीन दैनिकहरूमा छापिएका मधेस आन्दोलनसित सम्बन्धित समाचारमा *गोरखापत्र*मा ३८, *नेपाल समाचारपत्र*मा १५, *राजधानी*मा १७, *कान्तिपुर*मा १७ र *अन्नपूर्ण पोष्ट*मा १३ प्रतिशत प्रकाशित भएको पाइयो । मधेस आन्दोलनको समाचार अध्ययन गर्ने क्रममा प्रकाशित समाचारलाई सकारात्मक, व्यावसायिक र नकारात्मक गरी तीन भागमा बाँडेर अध्ययन गरियो । समाचारको शीर्षकले सकारात्मक वा नकारात्मक के सङ्केत गर्छ ? त्यसको आधारमा सकारात्मक र नकारात्मक छुट्ट्याइयो । सकारात्मक र नकारात्मक अवधारणाको रूपमा शङ्कास्पद, आश्चर्यवाचकजस्ता चिह्न प्रयोग गरिएको र शीर्षक हेर्दा मानसपटलमा नैराश्य वा क्रुद्धताको भाव उत्पन्न गराउने किसिमका शब्द वा वाक्यलाई नकारात्मक अवधारणामा राखियो । यस्तै जनमानसमा आशा उत्पन्न गराउने शब्द शैलीको प्रयोग, शान्ति प्रक्रियालाई फाइदा पुग्ने किसिमको प्रस्तुति र विषयवस्तुको वस्तुगत विश्लेषण झल्किने शीर्षकलाई सकारात्मक मानियो । तर सकारात्मक र नकारात्मक दुवै छुट्ट्याउन गाह्रो पर्ने शीर्षकलाई व्यावसायिक अवधारणा मानियो ।

माथि छुट्ट्याइएको अवधारणाअनुसार *राजधानी* दैनिकमा सकारात्मक अवधारणाका समाचार ३१ प्रतिशत, नकारात्मक अवधारणाका २५ प्रतिशत र दुवै नछुट्टिएका अथवा यो अध्ययनमा व्यावसायिक मानिएका समाचार ४४

प्रतिशत छापिएको पाइयो । *नेपाल समाचारपत्र*मा सकारात्मक र व्यावसायिक समाचार ४२/४२ प्रतिशत र नकारात्मक समाचार १६ प्रतिशत छापिएको पाइयो । *गोरखापत्र*मा सबैभन्दा धेरै सकारात्मक अवधारणाका समाचार पाइयो । त्यहाँ सकारात्मक समाचार ७१ प्रतिशत, नकारात्मक समाचार ११ प्रतिशत र व्यावसायिक समाचार १८ प्रतिशत थिए । *कान्तिपुर*मा सकारात्मक अवधारणाका समाचार ४५ प्रतिशत, नकारात्मक अवधारणाका ३ प्रतिशत र दुवै नछुट्टिने अर्थात् यो अध्ययनमा व्यावसायिक मानिएका समाचार ५२ प्रतिशत छापिए । *अन्नपूर्ण पोष्ट*मा सकारात्मक समाचार ३९, नकारात्मक समाचार २५ र व्यावसायिक समाचार ३६ प्रतिशत छापिए ।

आठ दलको शीर्ष बैठकसम्बन्धी समाचार गोरखापत्रले २९ प्रतिशत छाप्यो भने *नेपाल समाचारपत्र*ले १४, *राजधानी*ले २४, *कान्तिपुर*ले १९ र *अन्नपूर्ण पोष्ट*ले १४ प्रतिशत । माथिजस्तै यसमा पनि सकारात्मक, व्यावसायिक र नकारात्मक अवधारणाअनुसार समाचार छनोट र विश्लेषण गरियो । यसरी हेर्दा *गोरखापत्र*मा सकारात्मक समाचार ८३ प्रतिशत र व्यावसायिक समाचार १७ प्रतिशत छापिएको पाइयो भने नकारात्मक अवधारणाका समाचार प्रकाशन भएको पाइएन । *नेपाल समाचारपत्र*मा सकारात्मक अवधारणाका समाचार मात्र प्रकाशन भएका पाइयो । *राजधानी*मा सकारात्मक समाचार ८० र व्यावसायिक समाचार २० प्रतिशत पाइयो भने नकारात्मक छनक दिने समाचार शीर्षक राखेको पाइएन । *कान्तिपुर*मा पनि सकारात्मक अवधारणाका समाचार ८३ र व्यावसायिक अवधारणाका समाचार शीर्षक १७ प्रतिशत पाइयो । *अन्नपूर्ण पोष्ट*मा सबै समाचार सकारात्मक अवधारणाका मात्र पाइयो ।

मुलुकको भविष्य शान्ति प्रक्रियामा निर्भर थियो भने शान्ति प्रक्रियाको साँचो आठ दलसित । यसैले आठ दलको शीर्ष बैठकले मात्र सबै कुराको छिनोफानो गर्न सक्थ्यो । यसकारण पनि नेपाली सञ्चारमाध्यम आठ दलको शीर्ष बैठकप्रति बढी चनाखा थिए । यसै कारण पनि हुन सक्छ यी सञ्चारमाध्यमले नकारात्मक अवधारणाका समाचार प्रकाशन गरेनन् ।

### *सम्पादकीय हेराइमा शान्ति प्रक्रिया*

सम्पादकीयले समसामयिक जल्दोबल्दो कुनै विषयमा जनताको ध्यान आकृष्ट गर्ने गरी सम्बन्धित पत्रिकाको धारणा वा दृष्टिकोणलाई व्यक्त गर्छ । ब्रेइन निकोल्सले सम्पादकीयलाई पत्रिकाको मुटु मानेका छन् । उनले भनेका छन्, “समाचार पत्रिकाको रक्त प्रवाह हो, सम्पादकीय मुटु हो र रूपक चाहिँ आत्मा

हो भन्न सकिन्छ" (शर्मा, लामिछाने र भुषाल २०५३: ८७ मा उद्धृत) । शान्ति सम्झौता भएको पहिलो महिनाका सम्पादकीय शान्ति सम्झौताको कार्यान्वयन, हतियार व्यवस्थापन सम्झौता, विस्थापितको पुनःस्थापना, जनसेनाको शिविर व्यवस्थापन लगायतका विषयमा बढी केन्द्रित थिए । पुस महिना चाहिँ अन्तरिम संविधानमै केन्द्रित भयो । २०६३ जेठ ४ गतेको प्रतिनिधि सभाको घोषणाले २०४७ सालको संविधानलाई अपूर्ण बनाइदिएको र एक किसिमको संवैधानिक रिक्तता देखिएकोले नयाँ अन्तरिम संविधान छिट्टै जारी हुनुपर्नेमा सञ्चारमाध्यम एकजुट भएर लागिपरे । पुस महिनामा नेपालगञ्जमा भएको हिंसात्मक घटनाले पनि चर्चा पायो । माघ महिनामा भने नेपाली आमसञ्चारमाध्यम मधेस आन्दोलनमा नै केन्द्रित रहे । मङ्सिर, पुस र माघ महिनामा प्रकाशित सम्पादकीयलाई विस्तारमा चर्चा गरौँ:

*मङ्सिर महिना*

सात दल र माओवादीबीच विभिन्न सम्झौता र समझदारी हुँदै २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौता भयो । शान्ति सम्झौता भएपछि एक दशक लामो सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य भयो । यो ऐतिहासिक उपलब्धिको भोलिपल्ट प्रायः सबै दैनिकले विशेष सम्पादकीय छापे । *गोरखापत्र*ले 'संयमित भूमिकाको अपेक्षा' शीर्षकमा, *कान्तिपुर*ले 'नयाँ नेपालको सङ्कल्प', *अन्नपूर्ण पोष्ट*ले 'अब यो दियो ननिभोस्' शीर्षकमा विशेष सम्पादकीय छापे । यसले नेपाली सञ्चारमाध्यम परिवर्तनप्रति उत्साही देखिएको प्रस्ट हुन्छ । विशेष सम्पादकीयमा दलहरूबीचको सहकार्य, शान्ति सम्झौता पालना लगायतको आग्रहसाथ शान्ति सम्झौतालाई स्वागत गरिएको थियो ।

७ गतेको सम्पादकीय शान्ति सम्झौतामै केन्द्रित रह्यो । *गोरखापत्र*मा ७ गते 'ऐतिहासिक उपलब्धि र अपेक्षा', ९ गते 'युगान्तकारी उपलब्धि', ११ गते 'सराहनीय प्रतिबद्धता' शीर्षकका सम्पादकीय शान्ति सम्झौताको सेरोफेरोमा केन्द्रित रहे । *कान्तिपुर*ले ७ गते 'सम्झौतापछिको कर्तव्य' भनेर सम्पादकीय छाप्यो । *नेपाल समाचारपत्र*मा 'जनचाहनाको सम्मान', *राजधानी*मा 'भाषण होइन कार्यक्रम', *अन्नपूर्ण पोष्ट*मा 'ऐतिहासिक सम्झौता' शीर्षकमा समाचार छापिए । यसपछि सरकार र माओवादीले संयुक्त राष्ट्रसङ्घलाई हतियार र सेना व्यवस्थापनको अनुगमन अनुमति प्रदान गर्दै सम्झौतामा गरिएको हस्ताक्षर, चन्दा आतङ्क, शान्ति प्रक्रियालाई वैदेशिक सहयोग, जनमुक्ति सेनाको शिविर व्यवस्थापनलगायत विषयमा सम्पादकीयहरू छापिए ।

*पुस महिना*

**अन्तरिम सविधानः** लामो समयको कसरतपछि आठ दलले २०६३ पुस १ मा अन्तरिम संविधानमा हस्ताक्षर गरेपछि पुस २ गते सबै समाचारपत्रले यही विषयलाई सम्पादकीयको विषय बनाए । *कान्तिपुर*ले 'प्रधानमन्त्री शक्तिमान' शीर्षकमा सम्पादकीय छाप्यो । *अन्नपूर्ण पोष्ट*ले जनआन्दोलन-२ ले स्थापित गरेको जनादेशमा इँट थपिएको मूल्याङ्कन गर्‍यो । *नेपाल समाचारपत्र*ले अन्तरिम संविधानको सम्मान गर्दै सबैले संविधानको मर्म र भावनाको कदर गर्नुपर्नेमा जोड दियो । *राजधानी*ले पुस १ गते अन्तरिम संविधानले पूर्णता पाएको दिनलाई २०१७ सालमा राजा महेन्द्रले जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई सैनिक बलमा गलहत्याएको घटनासित दाँजेर 'कालो दिन रहेन अब १ पुस' भन्दै सम्पादकीय छाप्यो । यस्तै, *गोरखापत्र*ले 'ऐतिहासिक सहमति' शीर्षकमा सम्पादकीय छाप्यो । अन्तरिम संविधानमा हस्ताक्षर भएपछि शान्ति प्रक्रियाको ढोका फराकिलो भएको औंल्याउँदै *कान्तिपुर*ले पुस ३ गते 'राष्ट्रसङ्घीय शीघ्रता' शीर्षकमा सम्पादकीय छाप्यो ।

**नेपालगञ्ज घटनाः** सरकारमै रहेको नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले पुस १० गते गरेको मधेस बन्दले गर्दा लोकतन्त्र स्थापनापछि सबैभन्दा ठूलो हिंसात्मक घटना हुन पुग्यो नेपालगञ्जमा । यस घटनासम्बन्धी *कान्तिपुर*ले ११ गते 'विरोध शैली', १२ गते 'सुझबुझको खाँचो' र १४ गते 'सद्भाव प्रदर्शन' शीर्षकमा सम्पादकीय छाप्यो । सो सम्पादकीयको एक अंश यस्तो थियो, "राष्ट्र नै ध्वस्त पार्न खोजिएको यो घटनाले 'आठ दलको आँखा खुला गरेर सजग रहन पाठ सिकाएको छ' भन्ने प्रधानमन्त्रीको अभिव्यक्तिले मुलुकमा हाल भइरहेको आमूल परिवर्तनको बहसलाई धमिल्याउन सक्रिय शक्तितर्फ इङ्गित गरेको छ ।" यस्तै *गोरखापत्र*ले पुस १३ गते 'आपसी सद्भाव अपरिहार्य' भन्दै सम्पादकीय लेख्यो । साम्प्रदायिक दङ्गा हुनबाट रोक्नेतिर सम्पादकीयको ध्यान गएको प्रस्ट देखिन्थ्यो ।

*नेपाल समाचारपत्र*ले १३ गते 'साम्प्रदायिक दङ्गा भड्किन नदिऔं' शीर्षकमा र १५ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाले गोली हानी नागरिकको हत्या गरेको घटना, नेपालगञ्ज घटनालगायत अशान्त मधेसबारे निन्दनीय घटना भन्दै सम्पादकीय लेख्यो । *अन्नपूर्ण पोष्ट*ले मधेस बन्दको घटनालाई समर्थन गर्दै १३ गते 'नेपालगञ्ज दङ्गा' शीर्षकमा सम्पादकीय छाप्यो । सम्पादकीयमा लेखिएको थियो, "नेपाल सद्भावना पार्टी आनन्दीदेवी सत्तारूढ सात राजनीतिक दलमध्येकै महत्त्वपूर्ण घटक हो । यो घटकले नेपालको मधेसका विषयमा केही महत्त्वपूर्ण आवाज मुखरित गर्दै आएको छ। मधेस बन्द त्यही आवाजलाई गति दिने राजनीतिक अभियान हो र त्यसको पछाडि शान्तिपूर्ण आग्रह मात्र निहित छ ।"

यसरी *अन्नपूर्ण पोष्ट*ले सद्भावना (आनन्दीदेवी) ले गरेको बन्द आह्वानलाई समर्थन गऱ्यो । सत्तामै रहेको दलले मन्त्रिपरिषद्मै आवाज उठाउन छोडेर बन्द आह्वान गर्दा हिंसा भड्केको पत्तो पाएन । *राजधानी*ले 'सामूहिक प्रतिज्ञाको खाँचो' भन्दै घटना राष्ट्रका लागि 'लज्जाजनक' भएको औँल्यायो ।

नेपालगञ्ज घटनालाई *कान्तिपुर*ले सबैभन्दा बढी स्थान दियो । यद्यपि नेपालगञ्ज घटनाका बारेमा मिडियाले सत्यतथ्य समाचार प्रवाह नगरी सूचना लुकाएको आरोप लगाइने गरेको छ । अनुसन्धाता भास्कर गौतमका अनुसार नेपालगञ्जलाई जसरी ध्वंश बनाइयो, त्यो सूचना दिए देशमा साम्प्रदायिक मुठभेड हुन्छ भन्ने अनावश्यक गैरजिम्मेवारी एवं गैरव्यावसायिक कर्तव्यबोधकै पूर्वानुमानमा ठूलो घटनालाई लुकाउने कोसिस मिडियाले गऱ्यो (गौतम २०६४) ।

**अन्तरिम संविधानमा संशोधनः** जारी हुन लागेको अन्तरिम संविधानप्रति विभिन्न समुदायले विभिन्न माध्यमद्वारा असन्तुष्टि पोखे । एकातिर पहिलो पटक जनस्तरबाटै जारी हुन लागेको र पहिलो पटक राजाको अधिकार खोसिएको तथा राज्यशक्तिका स्रोत नेपाली जनतालाई मानिएको ऐतिहासिक छलाङ् थियो भने अर्कोतिर यो संविधानप्रति सबैको बढी अपेक्षा पनि थियो । सङ्घीय राज्य संरचना, समानुपातिक निर्वाचन प्रणालीलगायत राज्य पुनर्संरचनाका कुरा संविधानमै आउनुपर्ने विभिन्न समुदायको माग थियो । यसै कारण जारी हुनुपूर्व नै यो संविधानको विरोध पनि सुरु भयो । पत्रपत्रिकाले पनि भिन्नभिन्न दृष्टिकोणले अन्तरिम संविधानलाई लिए ।

*कान्तिपुर*ले २०६३ पुस २० गते 'संविधानप्रति असन्तोष' भन्दै जारी हुन लागेको अन्तरिम संविधान संशोधन हुनुपर्ने औँल्यायो । *नेपाल समाचारपत्र*ले पुस २० गते 'अन्तरिम संविधानमा ढिलाइ' भन्दै संविधान चाँडै जारी हुनुपर्ने आवश्यकता देखायो । यसैको अनुगमन गर्दै २३ गते 'समझदारी बढाऊ' शीर्षकमा अन्तरिम संविधानमा भइरहेको ढिलाइबारे सम्पादकीय लेख्यो । *अन्नपूर्ण पोष्ट*ले २४ गते 'अर्थहीन बहस' भन्दै संविधान पछि सच्याउन मिल्ने बतायो । यस सम्पादकीयमा भनिएको थियोः

> अहिलेको मस्यौदामा त्रुटिहरू छन् भने त्यसलाई सच्याउन गाऱ्हो छैन । शीर्ष नेताहरूको हस्ताक्षरपछि त्यो दस्तावेजलाई शिलालेख मान्ने निष्कर्ष कसैले पनि निकाल्न मिल्दैन । विशेष गरी संसदले अनुमोदन गर्ने समयमा यसका कमजोरीहरूलाई सच्याउन सकिन्छ ।

*राजधानी*ले पुस २१ गते 'सम्भावनाको नयाँ चरण' भन्दै जेठभित्र संविधानसभा चुनाव गर्न अन्तरिम संविधान चाँडै जारी हुनुपर्ने आवश्यकता औँल्यायो ।

*माघ महिना*

माघ १ गते नेपालको राजनीतिक इतिहासमा ऐतिहासिक दिन रह्यो । लामो समयको कसरतपछि नेपाली जनताका प्रतिनिधिले बनाएको नेपालको अन्तरिम संविधान-२०६३ जारी भयो । संसद भनेको 'खसीको टाउको झुण्डयाएर कुकुरको मासु बेच्ने थलो' भन्दै एक दशक लामो सशस्त्र जनयुद्ध गरेको नेपाल कम्युनिष्ट पार्टी (माओवादी) पहिलो पटक सिंहदरवार छिऱ्यो । माओवादी सिंहदरवार भित्रिएकै दिन प्रतिनिधिसभा भङ्ग भयो र नयाँ अन्तरिम व्यवस्थापिका-संसदको गठन भयो । नेपाल नयाँ युगमा प्रवेश गर्दै गइरहेका बेला मधेसमा भने आन्दोलन चर्किन थाल्यो । अन्तरिम संविधानले मधेसलाई राम्ररी सम्बोधन गर्न नसकेको जनाउँदै आन्दोलन सुरु गरिएको थियो । *कान्तिपुर*ले माघ ५ गते 'मधेसको माग' शीर्षकमा सरकार गम्भीर नभएको टिप्पणी गर्दै सम्पादकीय छाप्यो । *अन्नपूर्ण पोष्ट*ले ४ गते मधेस बन्द आह्वानलाई गलत शैलीको रूपमा उल्लेख गऱ्यो । तर ८ गते 'लाहान दुःख' शीर्षकमा चाहिँ मधेसको आन्दोलनलाई चाँडै सम्बोधन गर्नुपर्ने बतायो । *नेपाल समाचारपत्र*ले माघ ४ गते 'शान्ति प्रक्रियाको सुरुआत' शीर्षकमा सम्पादकीय छाप्यो । यो सम्पादकीय अन्तरिम संविधानको स्वागत गर्ने प्रकृतिको थियो । माघ ६ गतेको सम्पादकीयमा भने 'सद्भाव कायम राखौँ' भन्दै बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिका अतिरिक्त साम्प्रदायिक सद्भाव नै भड्काउने प्रवृत्ति देखापरेको उल्लेख गऱ्यो । *गोरखापत्र*ले माघ ४ गते 'मधेसका गतिविधि' शीर्षकको सम्पादकीयमा नागरिकताको समस्या समाधान गर्ने पहलकदमी सुरु भएकोले सबै समस्याको समाधान वार्ताबाटै गर्नुपर्ने तर्फ इङ्गित गऱ्यो । *राजधानी*ले मधेस आन्दोलनलाई अरू अखबारको तुलनामा सम्पादकीयमा कम स्थान दियो ।

**प्रधानमन्त्रीको पहिलो सम्बोधन**: मधेस आन्दोलन झन्झन् चर्किंदै गएपछि माघ १७ गते प्रधानमन्त्रीले पहिलो पटक देशवासीका नाममा सम्बोधन गर्नुभयो । सुरुमै “सायद यो मेरो अन्तिम सम्बोधन हो” भन्दै अत्यन्त भावुक भई प्रधानमन्त्रीले गरेको सम्बोधनलाई *कान्तिपुर* बाहेकका सबै अखबारले सकारात्मक रूपमा लिए । *कान्तिपुर*ले प्रधानमन्त्रीको सम्बोधनलाई 'हतारमा गरिएको एउटा सङ्क्षिप्त भाषणको चरित्र' भएको टिप्पणी गऱ्यो । *राजधानी*ले माघ २१ गते 'एउटा सुनौलो अवसर' भन्दै सरकार मधेसी जनताप्रति गम्भीर रहेको उल्लेख गर्दै लेख्यो, “प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सम्बोधन र त्यो सम्बोधनको कडीको रूपमा आएको वार्ता कमिटी निर्माण निर्णय समय सापेक्ष मात्र छैन, मधेस र मधेसीको समस्या समाधानका लागि सरकार कति चिन्तित छ भन्ने दृष्टान्त पनि हो ।”

*गोरखापत्र*ले माघ १८ गते 'देशवासीका नाममा प्रधानमन्त्रीको' सम्बोधन भन्दै सम्पादकीय लेख्यो । यस्तै सोही दिनका *नेपाल समाचारपत्र*ले 'सराहनीय सम्बोधन' र *अन्नपूर्ण पोष्ट*ले 'राष्ट्रिय सङ्कल्प' शीर्षकमा स्वागत गर्दै सम्पादकीय लेखे । तर *कान्तिपुर*ले भने प्रधानमन्त्रीको सम्बोधनलाई मधेस आन्दोलन समाधान गर्न 'अपूर्ण' भनी टिप्पणी गर्दै लेख्यो, "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेस आन्दोलनलाई निकै ढिलो गरी सम्बोधन गरे पनि आन्दोलनकारीहरूलाई सन्तुष्ट तुल्याउन सकेनन् । ... प्रधानमन्त्रीको सम्बोधनमा सङ्घीय राज्य प्रणालीबारे इच्छा जाहेर गरिए पनि अन्तरिम संविधानमा संशोधन गर्ने प्रस्ट वचन दिइएको छैन ।" 'प्रधानमन्त्रीको सम्बोधन' शीर्षकको यो सम्पादकीयमा अगाडि लेखिएको थियो, "... मधेस आन्दोलनका क्रममा मारिएका र घाइते भएकाहरूलाई कुनै सम्बोधन नगर्नु प्रधानमन्त्रीको हतारमा तयार गरिएको सङ्क्षिप्त भाषणको एउटा चरित्र हुन पुगेको छ ।"

**प्रधानमन्त्रीको सम्बोधनपछिको अवस्था**: *गोरखापत्र*ले 'शान्तिका लागि वार्ता', 'सबैको चाहना वार्ता', 'धैर्य र संयमको अपेक्षा', 'उपद्रव आन्दोलन होइन', 'सामूहिक प्रतिवद्धतामा जोड' शीर्षकमा मधेस आन्दोलनसित सम्बन्धित सम्पादकीय छाप्यो । *राजधानी*ले 'गोलमेच सम्मेलन गर' भन्दै गोलमेच सम्मेलन एउटा गतिलो उपयुक्त विकल्प हुने औँल्यायो । यद्यपि, *राजधानी*ले आन्दोलनकारी मधेसी जनअधिकार फोरम र जनतान्त्रिक तराई मुक्ति मोर्चालाई भने राजनीतिक शक्तिको रूपमा अस्वीकार गरेको बुझिन्छ यो वाक्यबाट, "...ती शक्तिहरूको राजनीतिक हैसियत स्पष्ट नभए पनि मधेसको तनाव अब लरतरो स्थितिमा छैन ।" प्रधानमन्त्रीको सम्बोधनपछि पनि आन्दोलन नरोकिएपछि *अन्नपूर्ण पोष्ट*ले यसरी सम्पादकीय छाप्यो, "केन्द्रमा रहेका कुनै पनि राजनीतिक शक्तिले मधेसको माग बेठीक छ भन्न सकेका छैनन् । यसले गर्दा मधेसमा प्रायः सबै दलका कार्यकर्ता मधेसी जनअधिकार फोरमको पछिपछि लाग्न बाध्य छन् ।" *नेपाल समाचारपत्र*ले भने अन्त्यअन्त्यतिर आएर अन्तरिम संविधान संशोधनको कुरा उठायो । *नेपाल समाचारपत्र*ले २२ गतेको सम्पादकीयमा आवश्यकताअनुरूप अन्तरिम संविधान संशोधन गरेर भए पनि मधेसका मागप्रति सम्बोधन गर्नैपर्छ भन्ने दबाबमूलक सम्पादकीय छाप्यो भने २४ गते बन्द, हड्ताल, आन्दोलनका कारण दैनिक उपभोग्य वस्तुमा अभाव देखिन थालेकोप्रति जोड दिँदै सम्पादकीय छाप्यो । *कान्तिपुर*ले 'अत्यावश्यक वस्तुको अभाव', शीर्ष बैठक सरेकोबारे 'गठबन्धन चुनौती', जनआन्दोलन-२ राहत कोषका तर्फबाट मधेस आन्दोलनका

घाइते परिवारलाई २५ लाख रुपियाँ सहयोगबारे 'नागरिक राहत' शीर्षकमा सम्पादकीय छाप्यो ।

**प्रधानमन्त्रीको दोस्रो सम्बोधनः** प्रधानमन्त्रीको पहिलो सम्बोधन अपूरो भएको भन्दै आन्दोलनकारीले आन्दोलनलाई निरन्तरता दिएपछि मधेसको जनजीवन झनै भयावह बन्दै गयो । यसले गर्दा आन्दोलनकारीका मागलाई समेटेर पहिलो सम्बोधनको एक सातापछि प्रधानमन्त्रीले दोस्रो सम्बोधन गर्नुभयो । यो सम्बोधनलाई भने सबै पत्रपत्रिकाले तथा आन्दोलनकारीले समेत स्वागत गरे । *कान्तिपुर*ले 'समाधानमुखी सम्बोधन', *राजधानी*ले 'मधेसीको जित', *नेपाल समाचारपत्र*ले 'प्रधानमन्त्रीको दोस्रो सम्बोधन', *गोरखापत्र*ले 'अर्थपूर्ण सम्बोधन' र *अन्नपूर्ण पोष्ट*ले 'मधेसलाई सम्बोधन' शीर्षकमा सम्पादकीय छापे ।

समग्रमा भन्दा, मधेस आन्दोलनसित सम्बन्धित समाचारलाई सबै अखबारले महत्त्वपूर्ण स्थान दिए । तर कुनै पनि अखबारले मधेस आन्दोलनको वस्तुगत पक्ष केलाउन सकेनन् । मधेसमा आन्दोलन गरिरहेका विभिन्न पक्षसित वार्ता गरी निकासमा पुग्नुपर्छ भन्ने मान्यता राखे पनि सञ्चारमाध्यमले समग्रमा सबैलाई कसरी समेट्न सकिन्छ र संविधानसभा चुनावअघि के-के माग कसरी सम्बोधन गर्न सकिन्छ ? भन्ने विषयलाई चाहिँ प्रस्टचाउन सकेनन् ।

## सर्वेक्षणको नतिजा

यो लेखको सुरुमा उल्लेख गरिएझैँ यस अध्ययनका क्रममा सांसदहरूसँग सर्वेक्षण पनि गरिएको थियो । शान्ति प्रक्रियामा सञ्चारमाध्यमको प्रस्तुतिलाई सांसदहरूले कुन रूपमा लिएका छन् भन्ने पत्ता लगाउनु यो सर्वेक्षणको उद्देश्य थियो । छापा सञ्चारमाध्यमले शान्ति प्रक्रियामा खेलेको भूमिकाप्रति धेरै सांसदहरू सकारात्मक रहे पनि सञ्चारमाध्यमप्रति भरपर्दो अवस्था नरहेको टिप्पणी उनीहरूबाट पाइयो । ७० प्रतिशत सांसदहरूको विश्लेषणमा नेपाली छापा माध्यमले शान्ति प्रक्रियाका समाचार वस्तुगत र हचुवा दुवै खालले प्रस्तुत गरेका छन् । यसैले पनि सञ्चारमाध्यमप्रति सांसदहरू पूर्णतः विश्वस्त हुन नसकेको थाहा हुन्छ । शान्ति प्रक्रियाको विषयमा दैनिक समाचारपत्रहरूमा आएका सामग्री घटनामुखीमात्र रहेको ५८ प्रतिशत सांसदहरूले बताए । तराई आन्दोलनका बेलामा चाहिँ पत्रिकाको भूमिकाप्रति राजनीतिकर्मीहरू बढी असन्तुष्ट भए । खास गरी मधेसीमूलका सांसदहरूमा बढी क्रोध देखियो । सर्वेक्षणका क्रममा नेकपा एमालेका तत्कालीन सांसद महेन्द्रप्रसाद यादवले प्रश्नावली आधा भरेपछि फालिदिनुभयो । प्रश्नावलीमा लेखिएको 'तराई' भन्ने शब्द देखेपछि त्यसप्रति

आपत्ति जनाउँदै उहाँले त्यसो गर्नुभएको थियो । मधेसलाई तराई भनेकोमा उहाँले आमसञ्चारमाध्यमहरूप्रति नै असभ्य शब्द प्रयोग गर्दै मधेसीमूलका अरू सांसदहरूलाई पनि प्रश्नावली नभर्न आग्रह गर्नुभयो । यतिसम्म कि उहाँले सद्भावना (आनन्दीदेवी) पार्टीको संसदीय दलको कार्यालयमा गएरसमेत प्रश्नावली नभर्न सांसदहरूलाई आग्रह गर्नुभयो । मधेस आन्दोलनबारे नेपाली मिडियाको प्रस्तुतिप्रति मधेसका राजनीतिकर्मी असन्तुष्ट छन् भन्ने सङ्केत यस घटनाले पनि गर्छ ।

### *छापाको भूमिका सन्तोषजनक मात्र*

द्वन्द्व रूपान्तरण नेता वा राजनीतिक दलले मात्र सम्पन्न गर्न सक्दैनन् । मुलुकका सबै पक्षले त्यसमा योगदान पुऱ्याउनै पर्छ । अन्यथा परिवर्तन केही सीमित वर्गका लागि मात्र फलदायी र अरूका लागि प्रत्युत्पादक हुन सक्छ । ३० प्रतिशत सांसदले नेपाली छापा माध्यमले धेरै राम्रो भूमिका खेलेको बताए । तर, ६७ प्रतिशतले सञ्चारमाध्यमको भूमिकालाई सन्तोषजनक मात्र ठाने । सर्वेक्षणमा सहभागी ३ प्रतिशत सांसदले आमसञ्चारमाध्यमको भूमिका नकारात्मक भएको जनाए । यसले सञ्चारमाध्यमको भूमिका शान्ति प्रक्रियामा अझ प्रभावकारी हुनुपर्थ्यो भन्ने सन्देश दिएको छ ।

### *प्रकाशित समाचार वस्तुगत पनि, हचुवा पनि !*

शान्ति प्रक्रियाको अवधिमा आएका समाचार कस्ता रहे ? भन्ने प्रश्नमा २० प्रतिशत सांसदहरूले वस्तुगत, ३ प्रतिशतले हचुवा, ७० प्रतिशतले दुवै खाले र ७ प्रतिशतले अन्य भन्ने उत्तर दिए । पत्रिकामा आएका समाचारबाट सांसदहरू पूर्ण विश्वस्त हुन सकेका देखिएनन् । उनीहरूको सोचाइमा हचुवाका भरमा पनि समाचार प्रकाशित हुने गरेको छ । दुवै खालेमा ७० प्रतिशत सांसद सहमत हुँदा सञ्चारमाध्यमले दिएका समाचारप्रति सांसदहरू विश्वस्त छैनन् भन्ने बुझिन्छ ।

### *घटनामुखी प्रस्तुति*

शान्ति प्रक्रियाको विषयमा नेपाली दैनिक अखबारहरूमा आएका अधिकांश सामग्री घटनामूलक रहेको ५८ प्रतिशत सांसदहरूले बताए । यस्तै २४ प्रतिशतले भाषणमूलक, ९ प्रतिशतले खोजमूलक र ९ प्रतिशतले अन्य रहेको बताए । स्वयं सम्पादकहरूकै भनाइअनुसार पनि हाम्रो पत्रकारिता घटना र भाषणमा केन्द्रित छ । खोज पत्रकारिता

अझै फस्टाउन सकेको छैन र विषयवस्तुको गहन विश्लेषण नभई सतही कुरा बढी आउने गरेको छ । सांसदहरूको उल्लिखित मूल्याङ्कनले पनि यही देखाउँछ ।

### *मधेस आन्दोलनलाई अपुग स्थान*

सञ्चारमाध्यमहरूले आफ्नो विषयवस्तुलाई कति स्थान दिए ? भन्ने जिज्ञासा सबैमा हुन्छ नै । अझ राष्ट्रिय मुद्दाको विषयवस्तुलाई त आमसञ्चारमाध्यमले दिएको स्थान र प्रस्तुतीकरणले त्यसको भविष्य निर्धारण गर्छ । गम्भीर राष्ट्रिय मुद्दामा आमसञ्चारमाध्यम कत्तिको जिम्मेवार छ ? भन्ने कुरा त्यो आमसञ्चारमाध्यमले दिएको महत्त्वबाट पनि अनुमान गर्न सकिन्छ । मधेस आन्दोलन संवेदनशील राष्ट्रिय मुद्दा थियो । यस्तो मुद्दालाई छापाले दिएको स्थान पुग्दो छ कि छैन ? भन्ने बुझ्न सांसदहरूको राय लिइएको थियो । मधेस आन्दोलनलाई आमसञ्चारमाध्यमले दिएको स्थानप्रति सांसदहरू सन्तुष्ट देखिएनन् । ६१ प्रतिशत सांसदले मधेस आन्दोलनलाई छापाले दिएको स्थान अपूर्ण रहेको बताए । ३० प्रतिशत सांसद राम्रो स्थान दिएको पक्षमा रहे भने धेरै राम्रो भन्ने ३ प्रतिशत, नकारात्मक भन्ने ३ प्रतिशत र नखुलाउनेहरू ३ प्रतिशत रहे । खास गरी मधेसी सांसदहरू सञ्चारमाध्यमप्रति बढी असन्तुष्ट देखिए । तर, विषयवस्तु विश्लेषणमा मधेस आन्दोलनलाई सञ्चारमाध्यमले अरू विषयवस्तुलाई भन्दा धेरै स्थान दिएको देखिन्छ । सांसदहरूले छापा माध्यमले खोजमूलक समाचार कम दिएकोले पनि असन्तुष्टि पोखेका हुन सक्छन् ।

### *मधेस आन्दोलनः फरक-फरक दृष्टिकोण*

मधेस समस्या समाधानको लागि सञ्चारमाध्यमको भूमिका एकरूप देखिएन । मधेस समस्या समाधानको लागि आमसञ्चारमाध्यमको भूमिका किन एकरूप देखिएन ? भन्ने प्रश्नमा ३० प्रतिशत सांसदले नबुझेर भने । यस्तै २३ प्रतिशतले बुझ्न नचाहेर र १७ प्रतिशतले आमसञ्चारमाध्यममा मधेसको प्रतिनिधित्व नभएर भन्ने बताए । बाँकी ३० प्रतिशतले चाहिँ अन्य भएको उल्लेख गरे । त्यसमा धेरैजसोले स्थानीय तहबाटै खोजमूलक नबनाएर, पक्षपाती भएर, सत्य बोल्न आँट नगरेर, आन्दोलनभित्रै विभिन्न उद्देश्य भएर, दलको प्रभावमा परेर, विभिन्न विचारबाट प्रेरित भएर, नजर अन्दाज गर्ने र तथ्यप्रति आँखा चिम्लने प्रवृत्ति रहेकोले भन्ने तर्क गरे । मधेसको समस्या समाधान गर्न दल र आमसञ्चारमाध्यम दुवै क्षेत्रको हेराइ फरकफरक छ । यसको मतलब नेपाली सञ्चारमाध्यम मधेसको समस्याप्रति अस्पष्ट रहे ।

***मधेसी सवाल उजागर गर्न सांसदहरूको पहल***

मधेसको विषयलाई आमसञ्चारमाध्यममा सचेत गराउन ८४ प्रतिशत सांसदले आफूहरूले पनि यसबारेमा कदम चालेको बताए भने १३ प्रतिशतले आफूले केही नगरेको स्वीकारे । तर ३ प्रतिशतले चाहिँ उत्तर खुलाएनन् । पहल गर्ने धेरैजसो सांसदले संसदबाट, पार्टीबाट र लेख रचना लेखेर, अन्तर्वार्ता दिएर, सरसल्लाह दिएर सचेत गराएको बताए । कसैले मधेसको समस्या वर्गीय रूपमा समाधान गर्नुपर्छ र समकालीन मधेसको नेतृत्व मधेसका कुलीन सम्भ्रान्तहरूको हातमा मात्र छ भन्नेबारे लेख रचना लेखेको उल्लेख गरे भने कसैले आदिवासी, जनजाति, दलित, मधेसका समुदायको नीतिनिर्माण गर्ने, निर्णय लिने र निर्णय कार्यान्वयन गर्ने तहमा समानुपातिक प्रतिनिधित्व हुनुपर्छ भन्ने विषयमा लेख लेख्ने, लेख्न अनुरोध गर्ने र कार्यक्रम गर्न अनुरोध गर्ने गरेको बताए । यस्तै आफ्ना नजिकका पत्रकारहरूलाई समाचारको कोण बताएर तथा बेला-बेलामा छलफल गरेर कदम चालेको कसैले बताए भने कसैले विज्ञप्ति निकालेर सहयोग गरेको उल्लेख गरे । यसै गरी देशलाई साम्प्रदायिक दङ्गामा फस्न दिनुहुन्न भनेर आवाज उठाएको पनि सांसदहरूले बताए ।

आमसञ्चारमाध्यमले मधेसको मुद्दालाई कुन रूपमा उठाउनुपर्छ जस्तो लाग्छ ? भन्ने प्रश्नमा स्थानीय तहबाटै खोजबिन गरेर समाचार प्रकाशित गर्नुपर्ने भनाइ धेरै सांसदको थियो । यस्तै, जातीय वा साम्प्रदायिकभन्दा वर्गीय रूपमा मुद्दा उठाउने कार्य गर्नुपर्ने, नेपालको राष्ट्रिय एकता र प्रादेशिक अखण्डतालाई कायम राखी सङ्घीय स्वरूपको राज्य संरचना निर्माण गरी मधेस लगायतका मुद्दाहरूलाई सम्बोधन गर्नेतर्फ लाग्नुपर्ने सुझाव दिए । यस्तै, तथ्यको आधारमा सत्य पत्ता लगाई मधेसवासीले भोग्दै आएका समस्या समाधान हुने खालका समाचार सामग्री प्रवाह गर्नुपर्ने र संविधानसभा चुनावसम्म एक ढिक्का भई लाग्न प्रेरित गर्ने खालका सामग्री प्रकाशित गर्नुपर्ने बताए ।

मधेसको मुख्य मुद्दा के हो ? यसको उत्पत्तिको कारण के हो ? भन्नेबारे विश्लेषण गर्दै नकारात्मक सोचाइलाई निरुत्साहित गर्ने सामग्री सञ्चारमाध्यममा आउनुपर्ने उनीहरूको धारणा थियो । मधेसलाई सम्बोधन नगर्दा हुन सक्ने क्षतिबारे राज्यलाई समेत सचेत गराउनुपर्ने पनि उनीहरूले भने । केही सांसदहरूले राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा उठाइनुपर्ने बताए भने कसैले वर्गीय रूपमा आमूल परिवर्तनको पक्षमा र केन्द्रिकृत प्रणालीलाई अन्त्य गरी स्वायत्त सङ्घको आधारमा वास्तविकता नलुकाई समाचार प्रकाशित गर्नुपर्ने बताए ।

## सम्पादकहरूको धारणा

लेखको प्रारम्भमा नै उल्लेख गरेझैँ छापा माध्यमले शान्ति प्रक्रियामा खेलेको भूमिकाप्रति सम्पादकको राय बुझ्न उनीहरूसँग अन्तर्वार्ता गरिएको थियो । यस क्रममा शान्ति प्रक्रियामा छापा माध्यमको भूमिकाप्रति स्वयं सम्पादकहरू नै सन्तुष्ट नभएको पाइयो । सङ्क्रमणकालीन अवस्थामा आमसञ्चारमाध्यमले शान्ति प्रक्रियालाई बल पुऱ्याउने काम कम गऱ्यो भन्ने सम्पादकहरूको धारणा पाइयो । आमसञ्चारमाध्यम केवल वार्ता र शान्तिको पक्षमा रहेको सम्पादकहरूको ठहर छ । यो अवस्थामा राजनीतिक दलहरू जति अस्पष्ट रहे, आमसञ्चारमाध्यमहरू पनि त्यति नै अस्पष्टताबाटै गुज्रिए । यसो हुनुको कारण आमसञ्चारमाध्यमले राष्ट्रिय स्वार्थमा ध्यान दिन नसकेको पनि प्रस्टिन्छ । *गोरखापत्र*का सम्पादक विजय चालिसेकै भनाइ लिने हो भने निजी लगानीका आमसञ्चारमाध्यमले मुद्दा स्थापित अथवा आफ्नो भूमिकाबाट विश्वमै सफलता पाउन सकेका छैनन् र सामुदायिक मिडिया नहोउञ्जेल मुद्दा स्थापित सिद्धान्त (अजेण्डा सेटिङ थ्योरी) लागू हुन सक्तैन । हाम्रोमा पनि त्यही देखियो । मुद्दा तय गरेर राजनीतिक अवतरण गराउनपट्टि पत्रिकाले ध्यान दिएनन् ।[६]

नेपालको सन्दर्भमा माघ १९ पछिको अवधिमा सञ्चारमाध्यम सक्षम र सबल देखिन्छन् । सञ्चारमाध्यमले 'राजाको शासन खराब हो' भन्ने कुरालाई एक आवाजमा प्रस्तुत गरेका थिए । सञ्चारमाध्यमले स्थापित गरेको यो कुरालाई आमजनताले विश्वास गरे र सडकमा उत्रिए । राजनीतिक दल सुषुप्त रहेको अवस्थामा प्रेस स्वतन्त्रताको नाममा सञ्चारमाध्यमले आन्दोलनको अगुवाइ गऱ्यो र राजनीतिक स्वतन्त्रताको लागि माहौल बनायो । यो नै सञ्चारमाध्यमको मुद्दा स्थापितको प्रभावकारी नमुना थियो । तर वैशाख ११ पछिको सङ्क्रमणकालमा सञ्चारमाध्यमले आफ्नो भूमिका ठीकसँग पहिल्याउन नसकेको धारणा राख्छन्, प्रेस काउन्सिल नेपालका अध्यक्ष तथा *हिमाल खबरपत्रिका*का पूर्वसम्पादक राजेन्द्र दाहाल ।[७] *गोरखापत्र*का निमित्त प्रबन्ध सम्पादक रमेश तिवारी पत्रिकामा राष्ट्रिय स्वार्थ अनुकूल नभई आ-आफ्नो तरिकाले विश्लेषण गर्ने प्रवृत्ति देखिएको मूल्याङ्कन गर्छन् ।[८] उनको भनाइअनुसार सञ्चारमाध्यमले विषयवस्तुको गाम्भीर्य नबुझी हचुवाको भरमा समाचार प्रवाह गर्ने गरेका छन् । *नेपाल* साप्ताहिकका सम्पादक सुधीर शर्माको भनाइ पनि तिवारीसँग

[६] चालिसेसित २०६४ साउन १९ गते गरिएको कुराकानीमा आधारित ।

[७] दाहालसित २०६४ साउन १७ गते गरिएको कुराकानीमा आधारित ।

[८] तिवारीसित २०६४ साउन १९ गते गरिएको कुराकानीमा आधारित ।

मिल्दोजुल्दो छ । सञ्चारमाध्यमले शान्ति प्रक्रियामा खोट देखाउने तर रचनात्मक सुझाव नदिने गरेको शर्माको विश्लेषण छ ।

*समय* साप्ताहिकका सम्पादक युवराज घिमिरेका अनुसार दैनिक समाचारपत्रहरू एक हदसम्म हावामा बग्ने खालका देखिन्छन् ।[९] १२ बुँदे समझदारीबाट सुरु भएको शान्ति प्रक्रियाको अवधिमा भएका विभिन्न समझदारी र सम्झौता पालना भए/नभएको निगरानी गर्ने संयन्त्र नहुँदा आ-आफ्ना किसिमले आम सञ्चारमाध्यमले व्याख्या गरे । 'पार्टीहरूले मुद्दा स्थापित गर्न थाले, सञ्चारमाध्यमले छोडे' भन्ने प्रेस काउन्सिलका अध्यक्ष राजेन्द्र दाहालको भनाइबाट पनि माथिको कुरा पुष्टि हुन्छ ।

यही कारणले गर्दा मधेस आन्दोलनमा पनि सबै पत्र/पत्रिकाको फरक-फरक दृष्टिकोण रह्यो । र, मधेस आन्दोलनलाई आ-आफ्नै तरिकाले व्याख्या गर्ने काम भयो । सबै पत्र/पत्रिकाले प्राथमिकताका साथ मधेस आन्दोलनलाई स्थान दिए तर मधेस आन्दोलनको खास माग चाहिँ के थियो भन्ने कसैले औँल्याएनन् । *कान्तिपुर* दैनिकका समाचार संयोजक हरि थापा मधेस आन्दोलनलाई समाचारका पानाहरूमा जति स्थान दिए पनि वास्तविक माग के हो ? भन्ने सञ्चारमाध्यमले कहिल्यै नखोतलेको समीक्षा गर्छन् ।[१०]

मधेस आन्दोलनमा सञ्चारमाध्यमको कभरेज राम्रो भए पनि घटनाका कारक र गन्तव्यको बारेमा सञ्चारमाध्यम अनभिज्ञ देखिन्छन् । त्यसैले आवश्यक परे शान्ति प्रक्रिया टुट्न नदिन जनआन्दोलनका बेलामा जस्तै मिडिया फेरि मिसनकै रूपमा फर्किनुपर्ने *नयाँ पत्रिका*का सम्पादक कृष्णज्वाला देवकोटाको राय छ ।[११] सञ्चारमाध्यमप्रति सांसदहरूमात्र हैन स्वयं सञ्चारमाध्यमका जिम्मेवार व्यक्तिहरू पनि सन्तुष्ट छैनन् । जनआन्दोलनका बेला नेपाली सञ्चारमाध्यमले विश्वलाई नै उदाहरण दिने जुन भूमिका खेल्यो त्यसपछिका दिनमा सञ्चारमाध्यमको भूमिका प्रभावकारी हुन सकेन । राष्ट्रिय स्वार्थलाई ध्यानमा राखेर एजेण्डा सेट नगर्नु यसको प्रमुख कारण हो । दलहरूले स्थापित गरेको एजेण्डा (शान्ति प्रक्रिया, संविधानसभा चुनाव) लाई अघि बढाउन सघाउने र सञ्चारमाध्यम सधैँ वार्ता र शान्तिको पक्षमा मात्र रहेकाले सञ्चारमाध्यमको भूमिका सकारात्मक मानिएको माथि नै पुष्टि भइसकेको छ ।

---

[९] घिमिरेसित २०६४ साउन १९ गते गरिएको कुराकानीमा आधारित ।

[१०] थापासित २०६४ साउन २१ गते गरिएको कुराकानीमा आधारित ।

[११] देवकोटासित २०६४ साउन १९ गते गरिएको कुराकानीमा आधारित ।

## समग्र अध्ययनको विश्लेषण

राज्यको रूपान्तरण वा नयाँ नेपालको परिकल्पना गरेर मात्र मुलुकको परिवर्तन सम्भव हुन सक्दैनथ्यो । हिंसात्मक आन्दोलनलाई शान्तिको बाटोमा हिँडाउनु सङ्क्रमणकालीन अवस्थाको सबैभन्दा ठूलो चुनौती थियो । राज्य एक्लैले शान्तिको बाटोमा यात्रा गराउन सक्ने स्थिति थिएन भने नागरिक समाज वा सञ्चारमाध्यम एक्लैले पनि शान्ति प्रक्रियालाई गति दिन सक्ने अवस्था थिएन । स्वाभाविक रूपमा सबै पक्षको सहकार्य नै शान्ति निर्माणका लागि अपरिहार्यता थियो । र, बृहत समाजको महत्त्वपूर्ण हिस्सा भएकोले सञ्चारमाध्यमले आफ्नो धर्म निर्वाह गर्नु स्वाभाविक थियो । माओवादीले गरेको एक दशक लामो जनयुद्धले नेपालको राजनीति, अर्थव्यवस्था र सामाजिक क्षेत्रमा निकै प्रभाव पाऱ्यो । तसर्थ हिंसाको अन्त्यप्रति सबैको अपेक्षा रहेको थियो । लोभीपापी राजनीति, भागवण्डाको खेल, चुनावी प्रजातन्त्रको अभ्यासले राज्यव्यवस्था जीर्ण भइसकेको थियो भने राजाको शासनमोहले त्यसलाई अझ जटिल बनायो । फलस्वरूप तीव्र गतिमा रूपान्तरणको थालनी भयो । यो अवस्थामा सञ्चारमाध्यम सबैभन्दा बढी संवेदनशील हुनुपर्ने थियो ।

मुलुकको राजनीति कुनै पनि मोडतिर जान सक्ने तरल अवस्था र जनताको शान्तिप्रतिको व्यग्रतालाई सम्बोधन गर्न सञ्चारमाध्यम उपयोगी साधन हुन् । त्यति बेला राजनीतिक दलहरूबीच असमझदारी भएको बेलामा दलहरूबीचको कुण्ठा फुकाउने र संवादहीनताको स्थितिलाई अन्त्य गर्ने हैसियत सञ्चारमाध्यमले राख्थ्यो । अपेक्षा पनि त्यही थियो । त्यसका लागि आवश्यक थियो- सञ्चारमाध्यमको शान्ति प्रक्रियाप्रतिको संवेदनशीलता र एकरूपता । तर अध्ययनमा समेटिएका सञ्चारमाध्यमका नेतृत्वकर्ताहरू स्वयं आफ्नो कामबाट सन्तुष्ट रहेनछन् भन्ने बुझियो । प्रकाशित समाचार वा विचार हेर्ने हो भने पनि स्वाभाविक रूपमा उनीहरूको असन्तुष्टि प्रस्ट हुन्छ ।

### *बढी उत्साही सञ्चारमाध्यम*

शान्ति प्रक्रियाको थालनीले नेपालका सञ्चारमाध्यमलाई निकै उत्साहित बनायो । विशेष सम्पादकीय मात्र होइन, सात दल र माओवादीबीच भएका समझदारी, सम्झौता वा हतियार व्यवस्थापनबारे भएका निर्णयहरू पनि सञ्चारमाध्यमको निगरानीमा रहिरहे र यस्ता विषयहरू अध्ययनमा समेटिएका अखबारका सम्पादकीय बनिरहे । यो अवधिमा छापिएका सम्पादकीय शान्ति प्रक्रियालाई अघि बढ्न सघाउ पुऱ्याउने खालका थिए ।

माघ महिनापछि भने सम्पादकीय मात्र होइन, समाचार पनि शान्ति प्रक्रियाबाट मधेसका मुद्दातिर केन्द्रित रहे । स्वाभाविक रूपमा मधेसमा आन्दोलन चर्किएपछि नेपालको राजनीतिक वातावरणमा शान्ति प्रक्रिया, हतियार व्यवस्थापनका विषय, पुनःस्थापनाका मुद्दाहरू ओझेलमा परे र छापामाध्यमहरूको पनि ध्यान मधेस आन्दोलनतिर धकेलियो । त्यतिखेर सञ्चारमाध्यमले मधेसका मुद्दालाई जुन रूपमा अगाडि सार्नुपर्थ्यो, त्यो भने गर्न सकेको देखिएन । मधेसको द्वन्द्व व्यवस्थापन वा शान्ति प्रक्रियालाई सहज बनाउने उत्प्रेरक (क्याटालिस्ट) को भूमिका नेपाली सञ्चारमाध्यमको हुनुपर्ने थियो, तर हुन सकेन । सञ्चारमाध्यम घटनाको विवरण दिनमा मात्रै केन्द्रित भए, समाधानको लागि दबाब दिन असफल रहे । हिंसाको यो क्रममा सञ्चारमाध्यममाथि पनि आक्रमणहरू भए । सञ्चारमाध्यममाथिको आक्रमणपछि भने सबै अखबारको एउटै स्वर प्रकाशित भयो । मधेस आन्दोलनलाई समर्थन गरेका, विरोध गरेका वा खुल्न नसकेका सबै पत्रिकाको स्वर प्रेसमाथि आक्रमण हुँदा एक रूप भयो ।

हुन त मधेस आन्दोलनको नेतृत्व गरिरहेको मधेसी जनअधिकार फोरमले उठाएका धेरैजसो मागहरू नेकपा (माओवादी) को भ्रातृ सङ्गठन मधेसी मुक्ति मोर्चाले उठाइसकेको थियो । कतिपय माग एमाले, सद्भावना लगायतका पार्टीका सङ्गठनहरूले उठाएका थिए । तर पनि उनीहरूले सशक्त रूप दिन सकेका थिएनन् । त्यसैले आन्दोलनको समयमा मधेसी जनअधिकार फोरमको माग नै प्रभावकारी बन्यो । 'जागो मधेसी, मागो मधेस' र 'समग्र मधेसः एक स्वायत्त प्रदेश' जस्ता नाराहरूले सडक तताएको भए पनि सङ्घीय लोकतान्त्रिक गणतन्त्र, आत्मनिर्णयको अधिकार सहितको सङ्घीय राज्य प्रणाली, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र र समानुपातिक निर्वाचन प्रणाली आन्दोलनका मुख्य राजनीतिक माग थिए (यादव २०६४) ।

मधेस आन्दोलनलाई सुरुदेखि समर्थन गरेको *कान्तिपुर* दैनिकले सञ्चारकर्मीमाथि आक्रमण हुन थालेपछि चाहिँ भर्त्सना गर्दै सम्पादकीय लेख्यो । माघ १७ गते 'प्रेसमाथि आक्रमण' शीर्षकमा 'शाही शासनपछि नेपाली प्रेसमाथि यो गम्भीर चुनौती' भएको विश्लेषण गऱ्यो । सम्पादकीयमा लेखिएको थियो, "मधेस आन्दोलनको प्रभाव र कार्यसूची आमसञ्चारमाध्यमकै कारण राष्ट्रव्यापी भइसकेको छ । पत्रकारमाथि आक्रमणकै सिलसिला बढ्दै जाँदा आन्दोलनमा घुसपैठ भएको स्वयं आन्दोलनकारीहरूको स्वीकारोक्तिले देखाएको छ ।" मधेस आन्दोलन विशुद्ध राजनीतिक माग भएको र राष्ट्रिय रूपमा सम्बोधन गर्नुपर्ने बताउँदै आएको *कान्तिपुर*ले प्रेसमाथि आक्रमण भएपछि मधेस आन्दोलनमा

घुसपैठ भएको कुरा बुझ्यो । मधेस आन्दोलन चर्किँदै गएपछि प्रधानमन्त्रीले गरेको पहिलो सम्बोधनलाई *कान्तिपुर*बाहेकका सबै पत्रपत्रिकाले सकारात्मक रूपमा लिए । *कान्तिपुर*ले प्रधानमन्त्रीको सम्बोधनलाई 'हतारमा गरिएको एउटा सङ्क्षिप्त भाषणको चरित्र' भएको टिप्पणी प्रकारान्तरमा अन्य अखबारको भन्दा बढी सुझबुझको देखियो ।

समग्रमा मधेस आन्दोलनसित सम्बन्धित समाचारलाई सबै पत्रिकाले महत्त्वपूर्ण स्थान दिए । तर कुनै पनि पत्रिकाले मधेस आन्दोलनको वस्तुगत पक्ष कोट्याएनन् । मधेसमा आन्दोलन गरिरहेका विभिन्न पक्षसित वार्ता गरी निकासमा पुग्नुपर्छ भन्ने मान्यता राखे पनि सञ्चारमाध्यमले समग्रमा सबैलाई कसरी समेट्न सकिन्छ र संविधानसभा चुनावअघि के-के माग कसरी सम्बोधन गर्न सकिन्छ ? भन्ने चाहिँ एकजुट भएर प्रस्टयाउन सकेनन् । खिम घले (सन् २००७) का अनुसार पत्रिकाले मधेस आन्दोलनका क्रममा भएका गतिविधिका समाचार त लेखे तर राम्रा र नराम्रा विषयलाई पर्गेल्न सकेनन् । मधेस आन्दोलनबारे *कान्तिपुर* र *नेपाल समाचारपत्र*का सामग्रीबारे अध्ययन गरेपछि उनले यसो भनेका हुन् ।

मधेस आन्दोलनलाई दैनिक पत्रिकाहरूले प्राथमिकताका साथ स्थान दिएको माथि नै पुष्टि भइसकेको छ । तर, दैनिक पत्रिकाले कभरेज गरे पनि मधेस आन्दोलनको सार कोट्याउनपट्टि ध्यान दिएनन् । मिडियामा मधेसीमूलको स्वामित्व र सञ्चारकर्मीको अल्पमतका कारण मधेसको मुद्दा नबुझिएको पनि हुनसक्छ । सञ्चारमाध्यममा मधेसीको लगानीको अवस्था जम्मा पाँच प्रतिशत छ । जबकि बाहुन क्षेत्रीको ५० प्रतिशत लगानी छ । यस्तै समाचार कक्षमा काम गर्ने मधेसीको सङ्ख्या चार प्रतिशत छ, जबकि बाहुन क्षेत्रीको सङ्ख्या ७१ प्रतिशत छ (लामा २०६३) ।

### *राजनीतिक दृष्टिकोणमा आमसञ्चारमाध्यमको कभरेज*

राजनीतिक दृष्टिकोणले हेर्दा सञ्चारमाध्यमको भूमिका भरपर्दो हुन सकेन । पत्रिकाले सत्य तथ्य पत्ता लगाई वस्तुगत विश्लेषण गर्न सकेनन् । समस्यालाई गहिरिएर बुझ्ने र विश्लेषण गर्नेभन्दा पनि सतही समाचार दिने गरेको धेरै सांसदहरूको तर्क छ । यस्तै छापामा आएका समाचारबाट असन्तुष्ट हुनेहरूले सत्य, तथ्य समाचार सम्प्रेषण हुन नसकेको, समाचारपत्रहरू पनि वर्गीय भएकाले पूँजीपति वर्गको प्रतिनिधित्व मात्र गरेको, भ्रमपूर्ण समाचार दिने गरेको, राजनीतिक चाकडीबाट प्रेरित हुने गरेको, अनुसन्धानविना समाचार प्रवाह गरेको तर्क दिएका

छन् । यसबाट सांसदहरूको सञ्चारमाध्यमप्रतिको हेराइ झल्किन्छ । त्यसो त राजनीतिकर्मीहरू सञ्चारमाध्यमको भूमिकाप्रति मधेस आन्दोलनबाहेकमा धेरै असन्तुष्ट भने छैनन् । छापामा प्रकाशित समाचार/विचारबाट ५४ प्रतिशत सांसदहरू सन्तुष्ट भएको पाइएबाट यो पुष्टि हुन्छ । मधेस आन्दोलनका बेला भने सञ्चारमाध्यमको भूमिकाप्रति सांसदहरू असन्तुष्ट भए । हुन पनि मधेस समस्या समाधानको लागि सञ्चारमाध्यमको भूमिका एकरूप देखिएन । मधेस आन्दोलनलाई सञ्चारमाध्यमले आ-आफ्नै ढङ्गले व्याख्या विश्लेषण गरे । स्थानीय तहबाटै खोजबिन गरेर समाचार प्रकाशित नगर्दा फरकफरक व्याख्या भएको उनीहरूको टिप्पणी छ ।

सङ्क्रमणकालको दौरानमा अशान्त मधेसका कारक तत्त्वहरू के-के हुन् भन्ने बारेमा प्रमुख राजनीतिक दलहरू र मूलधारका मिडिया जगतले खुला हृदयले छलफल गरेनन् । यस खालको मौनता वा अस्पष्टता राजनीतिक दल वा मिडिया हाउसको रणनीतिक स्वार्थले गर्दा भएको सम्भावनालाई इन्कार गर्न सकिन्न । यस अवस्थामा मिडिया जगतको र विशेष गरी मधेसमा काम गरिरहेका पत्रकारहरूको विशेष भूमिकाको धेरै ठूलो महत्त्व हुन्छ (गिरी सन् २००७) । शान्ति प्रक्रियालाई सही रूपमा रूपान्तरण गर्न सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुने भए पनि सञ्चारमाध्यमले त्यो जिम्मेवारी पूरा गर्न नसकेको देखिन्छ ।

नेपाली मिडियाले निष्पक्ष र जिम्मेवार भूमिका खेल्न नसकेको विभिन्न समयमा गरिएका अध्ययनहरूले पनि देखाएका छन् । प्रेस काउन्सिलले संविधानसभा चुनावसम्बन्धी गरेको मिडिया अनुगमनअनुसार पनि नेपाली मिडियाले पूर्वाग्रही ढङ्गले समाचार प्रवाह गरेका थिए ।[१२] प्रेस काउन्सिल सञ्चार अनुगमन कार्यक्रमका निर्देशक डा. धर्म अधिकारीका अनुसार दैनिक पत्रिकाको विचार पृष्ठ सबैभन्दा बढी पूर्वाग्रही पाइएको छ ।[१३] खास गरी फोटो छाप्दा र उद्धरण गर्दा आफ्नो इच्छा अनुसारको वा आग्रह राखिएको राजनीतिक दलका नेताको बढी उल्लेख गर्ने गरेको पाइएको अधिकारीको भनाइ छ ।

---

[१२] २००८ अप्रिल १४ मा पत्रकार सम्मेलनमा दिइएको प्रतिवेदनको सारांश (प्रेस काउन्सिल नेपाल सन् २००८) । अध्ययनको प्रारम्भिक जानकारी पत्रकार सम्मेलन गरेर दिइए पनि विस्तृत प्रतिवेदन तयार भइरहेको छ । अनुगमन कार्यक्रमअन्तर्गत संविधानसभा चुनावका बेलामा २००८ मार्च ९ देखि २००८ अप्रिल १० सम्मको एक महिनाको समयावधिमा मिडियाको अनुगमन गरिएको थियो ।

[१३] अधिकारीसित २०६५ वैशाख १५ मा गरिएको अन्तर्वार्तामा आधारित ।

चम्स्की र हर्मन (सन् १९८८) का अनुसार दिगो र नाफामूलक व्यापार सुनिश्चित गर्नका लागि दिइने दबाबले समाचारका सामग्रीहरू बङ्ग्याइन्छ, जसले गर्दा समाचारको मर्म र उद्देश्यमा पनि फरक पर्न जान्छ । यो दबाब कुनै निश्चित ढाँचाका कारण नभएर सामान्य बजार चयनको परिणामअनुसार हुने गर्दछ । गुणात्मक समाचार सेवाभन्दा नाफामूलक सेवा दिनेहरू फस्टाउँछन् र विश्वको वास्तविक चित्र प्रस्तुत गर्नेहरू भने सीमान्तकृत हुँदै जान्छन् । मिडियालाई अर्थ-राजनीतिक फाइदाका लागि राजनीतिक दल र व्यापारिक वर्गले प्रयोग गर्छन् । यस सन्दर्भलाई थप प्रस्टचाउँदै चम्स्की र हर्मन (सन् १९८८) लेख्छन्, “यदि कुनै सञ्चारमाध्यम सरकारसँग सहमत छैन भने त्यसले आफ्नो पाठक/श्रोताको सङ्ख्या घटे पनि सरकारको विरोधी समाचारलाई प्राथमिकता दिनसक्छ ।” उनीहरूको यस्तो भनाइले मिडियाले आफ्नो मिसनको समाचार दिन्छ, जुन जनचाहना अनुरूपको नहुन पनि सक्छ भन्ने स्पष्ट पार्छ । यस्ता तर्क नेपाली मिडियाको सन्दर्भमा पनि लागू हुन्छ । जसको बर्चस्व छ उनीहरूले आफ्नो स्वार्थअनुसार सहमति निर्माण गर्न मिडियाको उपयोग गर्छन् भन्ने नोम चम्स्कीले गर्दै आएको तर्क नेपालगञ्ज दङ्गामा धेरै हदसम्म चरितार्थ भएको महसुस गर्न सकिने निष्कर्ष भास्कर गौतम (२०६४) को पनि छ ।

हुन पनि दशक लामो सशस्त्र विद्रोहको अन्त्य गरी मुलुकलाई दीर्घकालीन शान्तिमा डोऱ्याउने र मुलुकको आर्थिक, सामाजिक, राजनीतिक रूपान्तरण गर्ने ध्येयसहित अघि बढिरहेको शान्ति प्रक्रिया जस्तो संवेदनशील घडीमा पनि मिडियाले आफ्नो भूमिका पहिचान गर्न सकेन । र, शान्ति प्रक्रियालाई सही ढङ्गले तार्किक निष्कर्षमा पुऱ्याउन मिडियाले अपेक्षित भूमिका खेलेन । अध्ययनको विषयवस्तु, सांसदहरूको असन्तुष्टिपूर्ण अभिव्यक्ति र सम्पादकहरूसँगको कुराकानीले पनि पत्रिकाले शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन अपेक्षित भूमिका नखेलेको माथि नै पुष्टि भइसकेको छ । यद्यपि नेपाली मिडियाले दलहरूबीचको वार्ता लागि दबाब दिइरहने काम र शान्ति प्रक्रियाको पक्षमा वकालत गर्ने काम निरन्तर गरेकै हुन् ।

## निष्कर्ष

दैनिक समाचारपत्रहरू शान्ति प्रक्रियाप्रति उत्साही भए तर संवेदनशील हुन सकेनन् । विषयवस्तुको गहन अध्ययनभन्दा पनि सतही समाचार प्रस्तुत गर्नमा समाचारपत्रहरू केन्द्रित रहे । सञ्चारमाध्यमले जनचाहना र यथार्थपरक समाचारभन्दा पनि अर्थ-राजनीतिको आधारमा समाचार वा विचार प्रवाह गर्छन् भन्ने तर्कलाई

शान्ति प्रक्रियाको अवधिमा नेपाली मिडियाले पुष्टि गरेका छन् । मधेस आन्दोलनकै उदाहरण हेर्ने हो भने पनि मधेसवासीको माग 'यो यो' हो र संविधानसभाअघि 'यो यो' पूरा गर्न सकिन्छ भनेर प्रस्तुत गर्नतिर मिडिया लागेनन् । अझ भनौँ, आन्दोलनको खास कारण सोधखोज गर्नतिर मिडियाले ध्यान पुऱ्याएनन् । दोस्रो जनआन्दोलनको जनादेश (राजतन्त्रको अन्त्य, एकात्मक राज्य प्रणालीबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको निर्माण, समावेशीकरण, राज्यसत्तामा समान अधिकार, स्थायी शान्ति आदि) र प्राप्त उपलब्धिलाई संस्थागत गर्न शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनेभन्दा पनि सञ्चारमाध्यमले सामान्य अवस्थामा जस्तै आफू अनुकूलका समाचार प्रवाह गरे । रूपान्तरणको प्रक्रियालाई हचुवाको भरमा लिए । विषयवस्तु विश्लेषणले देखाएको यस्तै परिणाम र सम्पादकहरूसित गरिएको कुराकानीका आधारमा यो निष्कर्ष निस्किन्छ । सञ्चारमाध्यमले शान्ति प्रक्रियामा खोट देखाउने तर रचनात्मक सुझाव नदिने गरेको पाइयो । यसबाट पनि दैनिक पत्रिकाहरूले 'वाचडग' को भूमिका निर्वाह गर्न नसकेको देखिन्छ ।

यसैले खास परिस्थितिमा खास मुद्दामा सञ्चारमाध्यमको एकरूपता आवश्यक रहेको माघ महिनामा भएको मधेस आन्दोलनले प्रस्टयाएको छ । मधेसमा भएको हिंसात्मक आन्दोलनलाई हरेक सञ्चारमाध्यमले आ-आफ्नै ढङ्गले प्रस्तुत गर्दा समस्या समाधान नभई झन् जटिल अवस्थामा पुग्यो । यसले गर्दा सञ्चारमाध्यमप्रति मधेसवासी आक्रोशित बने र प्रेसमाथि आक्रमण गर्न थाले । कुनै पनि सानो शक्तिलाई बेवास्ता गर्दा त्यसको परिणाम भयानक हुने दसवर्षे जनयुद्धले देखाएको छ । श्रीलङ्काका शोधकर्ता सञ्जना हत्तोतुवाले भनेझैँ शान्ति प्रक्रियालाई सफल बनाउनका लागि पत्रकारहरूको स्वर 'अर्द्धसत्यको राग अलाप्ने' (क्याकोफोनी अफ हाफ ट्रुथ) हुनु हुँदैन (गिरी सन् २००७ मा उद्धृत) । वस्तुगत विश्लेषणमा उत्रिनु अत्यावश्यक छ । उत्तर आयरल्याण्डमा जस्तै मूलधारको सञ्चारमाध्यमले समस्याको कारक कुनै एक पक्षलाई मात्र मान्यो भने त्यस्तो प्रवृत्तिले शान्ति प्रक्रियालाई हानि मात्र पुऱ्याउने निश्चित छ । त्यसैले सञ्चारमाध्यमले वस्तुगत विश्लेषणको आधारमा समाचार प्रवाह गर्नुपर्छ । खास परिस्थितिमा खास मुद्दामा आमसञ्चारमाध्यमको भूमिका पनि खास हुनुपर्ने आवश्यकता छ ।

## सन्दर्भ सामग्री

क्षेत्री, अनिल थापा । २०६४ । शान्ति प्रक्रियामा आमसञ्चारमाध्यमको भूमिका, ठूला आकारका दैनिक पत्रिकामा समाचारको स्थिति: एक अध्ययन । स्नातकोत्तर शोधपत्र, पत्रकारिता, त्रिभुवन विश्वविद्यालय ।

गिरी, सरिता । सन् २००७ । सङ्क्रमणकालमा शान्ति र मिडिया । नेपाल प्रेस इन्स्टिच्यूटद्वारा राजविराजमा आयोजित 'सङ्क्रमणकालमा शान्ति र मिडिया' विषयक कार्यक्रममा प्रस्तुत कार्यपत्र, ५ अप्रिल ।

गुरुङ, हस्त । सन् २००४ । *शान्तिका लागि पत्रकारिता: अवधारणा र अभ्यास* । ललितपुर: खोज पत्रकारिता केन्द्र ।

गौतम, भास्कर । २०६४ । मधेसी विद्रोह: नैराश्यको राजनीति । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम, सं., पृ. १-३६ । काठमाडौँ: मार्टिन चौतारी ।

घले, खिम । सन् २००७ । मधेस र जनजाति आन्दोलनमा नेपाली प्रेस । *प्रेस स्वतन्त्रता: लोकतन्त्रको एक वर्ष* । बलराम बानियाँ, सं., पृ. १०३-११८ । काठमाडौँ: नेपाल पत्रकार महासङ्घ ।

यादव, रामनरेश । २०६४ । सुनसरी-मोरङमा मधेसी जनविद्रोह । *मधेस विद्रोहको नालीबेली* । भास्कर गौतम, सं., पृ. १०३-११७ । काठमाडौँ: मार्टिन चौतारी ।

राना, भीम । २०६१ । *अन्तर्राष्ट्रिय सङ्घ, सङ्गठन र सन्धि सम्झौताहरू* । काठमाडौँ: पैरवी बुक्स एण्ड स्टेशनरी सेन्टर ।

लामा, मोहन । २०६३ । सञ्चारमाध्यमको स्वामित्व र सम्पादकीय संरचनामा समावेशीकरणको अवस्था । अप्रकाशित प्रतिवेदन, फ्रिडम फोरम ।

शर्मा, पञ्चप्रसाद, कपिल लामिछाने र ऋषिराम भुषाल । २०५३ । *पत्रकारिताको रूपरेखा* । काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

Chomsky, Noam and Edward S. Herman. 1988. *Manufacturing Consent: The Political Economy of the Mass Media*. London: Vintage.

Lynch, Jake and Annabel McGoldrick. 2005. *Peace Journalism*. Gloucestershire: Hawthorn Press.

Press Council Nepal. 2008. Preliminary Report on Media Monitoring Program for CA Election. Unpublished report, Press Council Nepal.